**मिति २०७७।०१।१६ (दिउँसो २.०)**

आज मिति २०७७ साल बैशाख १६ गते मंगलबारका दिन दिनको २.०० मेचीनगर नगरपालिकाको प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री विमल आचार्य | दस्तखत |
| उप प्रमुख श्री मीना पोखेल उप्रेती | दस्तखत |
| वडा अध्यक्ष १, श्री पासाङ्ग तामाङ्ग | दस्तखत |
| वडा अध्यक्ष २, श्री तिलक न्यौपान | दस्तखत |
| वडा अध्यक्ष ३, श्री हर्कबहादुर बस्नेत | दस्तखत |
| वडा अध्यक्ष ४, श्री नवीन बराल | दस्तखत |
| वडा अध्यक्ष ५, श्री योगेन्द्र थापा | दस्तखत |
| वडा अध्यक्ष ६, श्री ललितबहादुर तामाङ्ग | दस्तखत |
| वडा अध्यक्ष ७, श्री चन्दन मेचे | अनुपस्थित |
| वडा अध्यक्ष ८, श्री विकेन्द्र धिमाल | दस्तखत |
| वडा अध्यक्ष ९, श्री गोपाल खड्का | दस्तखत |
| वडा अध्यक्ष १०, श्री सुवेशकुमार पनेरु | दस्तखत |
| वडा अध्यक्ष ११, श्री सन्तोषकुमार मेचे | दस्तखत |
| वडा अध्यक्ष १२, श्री नरेन्द्र धिमाल | दस्तखत |
| वडा अध्यक्ष १३, श्री कृष्ण सिग्देल | दस्तखत |
| वडा अध्यक्ष १४, श्री शंकर पोखरेल | दस्तखत |
| वडा अध्यक्ष १५, श्री गुणराज भट्टराई | दस्तखत |
| कार्यपालिका सदस्य श्री टीकाराम सार्की | दस्तखत |
| कार्यपालिका सदस्य श्री लक्ष्मी तामाङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री रुपा गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री कृष्ण कनाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री पूर्ण मेचे | दस्तखत |
| कार्यपालिका सदस्य श्री निर्मला परियार | दस्तखत |
| कार्यपालिका सदस्य श्री विन्दा प्रसाइँ | दस्तखत |
| कार्यपालिका सदस्य श्री कुश्मीकुमारी चौधरी | दस्तखत |
| नि. प्र. प्र. अ. श्री होमनाथ भण्डारी | दस्तखत |
| ब. प्र. अ. श्री अनन्तप्रकाश वस्ती | दस्तखत |
| खाद्य विश्लेषक श्री दीपेन्द्र कार्की | दस्तखत |

**नर्णय नं. १**

सार्वजनिक खरिद अनुगमन कार्यालय, तहाचल काठमाडौंको मिति २०७७ वैशाख १५ गतेको सार्वजनिक निकायहरुका लागि विद्युतीय खरिद पणालीमा वोलपत्र, आशय पत्र, प्रस्ताव र सिलवन्दी दरभाउ पत्र दाखिला गर्ने म्याद थप सम्वन्धी जरुरी सूचनाको पत्र वैठकमा पेश हुदां यस नगरपालिकाबाट हालसम्म उल्लिखित विधिबाट प्रकाशित भएका सार्वजनिक खरिदका सूचनाहरुको कार्यान्वयन प्रतिस्पर्धामा संकुचन नहूने गरी अघि वढाउने निर्णय गरियो । साथै लकडाउनका कारण उपभोक्ता समिति मार्फत संचालन हुने नगर तथा वडास्तरीय योजनाको सम्झौता पकृयामा सहज वनाउन आवश्यक देखिएको हुदा नगर कार्यपालिकाको कार्यालय र उपभोक्ता समिति वीच हुने सम्झौता पत्रमा उपभोक्ता समितिका सचिव र कोषाध्यक्षले वडा अध्यक्षको रोहवरमा सम्झौता गर्ने र उपभोक्ता समितिको अध्यक्षमात्र नगर कार्यपालिकाको

कार्यालयमा उपस्थित भै सम्झौता गर्ने विधि अवलम्वन गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>**

कोभिड १९ संक्रमण नियन्त्रणका लागि नेपाल सरकारले गरेको लकडाउनलाई यस नगरपालिका क्षेत्र भित्र व्यवस्थित र प्रभावकारी वनाउन निम्न अनुसारको प्रकृया अवलम्बन गर्ने र कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालय र सूरक्षा निकायसंग आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

१. लकडाउन अवधिभर अनूमति प्राप्त गरेका वाहेक मोटरसाइकल सहित अन्य कुनै सवारी साधन चलाउन पाइने छैन ।

२. लकडाउन अवधिभर नगर वाहिरबाट नगरमा वसोवास गर्ने गरी प्रवेश गर्न पाइने छैन । लकडाउन उलङ्घन गरी नगर भित्र प्रवेश गरेमा सम्वन्धित वडा कार्यालयले तोकेको क्वारेन्टाइन स्थलमा १५ दिन राखिनेछ । सो अवधिभर क्वारेन्टाइन स्थलमा आफैले सुत्ने तथा खाने सामागीको व्यवस्थापन गरी वस्नु पर्नेछ ।

३. अत्यावश्यक दैनिक खाद्य सामागी तथा सागसब्जी खरिद विक्रीका लागि पत्येक दिन विहान ६ वजे देखि विहान ११ बजेसम्म पसल खुल्ला गर्न पाइनेछ ।

४. विमारी स्वयं चेकअपमा गै उपचार गर्नु पर्ने अवस्था वाहेक नियमित औषधी सेवनकर्ताले समेत औषधी खरिदको समय प्रत्येक दिन विहान ६ बजेदेखि विहान ११ सम्ममात्र हुनेछ ।

५. तरकारी, फलफूल, दुग्ध, खद्यान्न सामागी होम डेलीभरी गरी विक्री गर्न पाईनेछ । यसका लागि नगर भित्र मात्र संचालन हुने गरी मेची उद्योग वाणिज्य संघले ढुवानी साधनको अनुमति दिई सो को जानकारी नगर कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ । यस प्रकारका ढुवानी साधन संचालनको अवधि प्रत्येक दिन विहान ६ बजेदेखि विहान ११ वजे सम्ममात्र हुनेछ ।

६. मेचीनगर वाहिरबाट तरकारी, फलफूल, दुध, माछामासु आयात गरि विक्री वितरण गर्न पाइने छैन ।

७. वचत तथा ऋण सहकारीका निक्षेप कर्ताको निक्षेप फिर्ता गर्न निक्षेप संकलक मार्फत घरघर मै फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. यस कार्यालयबाट मिति २०७७ वैशाख १६ गते सम्म जारी गरिएका सवै सवारी साधनको अनुमति खारेज गरिएको र अव आइन्दा लक डाउन अवधिभर आवश्यकता अनुसार नगर कार्यपालिकाको कार्यालयबाट नगर भित्र मात्र लागू हुने गरी सवारी अनुमति पत्र प्राप्त गरी सवारी साधन संचालन गर्नु पर्नेछ ।

**<u>निर्णय नं. ३</u>**

कोभिड १९ नियन्त्रणका लागि भएको लक डाउनका कारण खाद्य अभाव भएका परिवारहरुलाई पहिलो चरणको राहत वितरण गरिएको र लकडाउन लामो भएका कारण दोश्रो चरणको राहतको व्यवस्थापन गर्नु पर्ने स्थिति देखिएकोमा मेचीनगर नगरपालिका कोरोना भाईरस संक्रमण रोकथाम र राहत तथा उददवार संचालन कार्यविधि २०७६ को अनुसूचि २ वमोजिम नै चामल, नुन १ केजी र हातधुने सावुन १ मात्रको राहत प्योकज वितरणको मापदण्ड स्वीकृत गर्ने र उल्लिखित राहत प्याकेज कार्यविधिको वुदां ८(३) मा अनुसची २ पछि

अनुसूची २ (क) थपी दोश्रो चरणको राहत प्याकेजको मापदण्ड हुने गरी संसोधन गर्ने निर्णय गरियो ।
यसै गरी सवै वडाले वडास्तरमा नै फुड वैक स्थापना गरी स्थानीय स्तरमा खाद्यन्न सामागी संकलन गर्ने र संभव भएसम्म टोल विकास संस्थामा समेत फुड वैक स्थापना गरी आपतकालिन खाद्यन्न वितरणको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

पहिलो चरणमा मेचीनगर नगरपालिका कोरोना भाईरस संक्रमण रोकथाम र राहत तथा उददवार संचालन कार्यविधि २०७६ विपरीत राहत वितरण गरिएको पाईएमा सोही कार्यविधी वमोजिम कानूनी कारवाही अघि वढाउने निर्णय गरियो । साथै दोश्रो चरणको राहत प्याकेज वितरण सम्वन्धमा २०७७ वैशाख १९ गते कार्यपालिका वैठक राखी सोही वैठकको निर्णय बमोजिम राहत वितरण प्रकृया अघि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

कोभिड १९ संक्रमण नियन्त्रणका क्रममा लक डाउन उलङ्घन गरी लागू पदार्थको खोजीमा निस्किएका दूर्व्यसनीहरुको व्यवस्थापन गर्न आदर्श मा.वि. इटाभट्टामा विशेष क्वारेन्टाइन संचालन गरिएको र सो विशेष क्वारेन्टाइनमा रहेका लागू औषध निर्भरकर्ता, सूरक्षा कर्मी, सहजकर्ता र सरसफाईकर्मीलाई खाजा खाना खर्च प्रतिव्यक्ति प्रतिदिन रु ३००/००, आवश्यक औषधी तथा सुरक्षण सामागी उपलब्ध गराउने गरी स्थानीय व्यवस्थापन समितिलाई दिएको जिम्मेवारीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कोभिड १९ संक्रमण नियन्त्रणलाई प्रभावकारी र व्यवस्थित वनाउन नगर कार्यपालिकाको कार्यालयका तर्फबाट इलाका प्रहरी कार्यालय, काकरभिट्टा र नगर कार्यपालिकाको कार्यालयले भाडामा लिएको सवारी साधनको वैकल्पिक व्यवस्था गरी भाडाको सवारी साधन फिर्ता गर्ने निर्णय गरियो ।